अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री झारगजेरी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ६ र ७ चरकमटिया, दाङ

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३।०२।१६**

श्री झारगजेरी सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. ६ र ७ चरकमटिया, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. ७ चरकमटिया, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ/दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु) | |
| १ | १, २, ३, ४, ५, ६, ७ र ८ | खयर | गोलिया | | ६५४ | ७८५.०२ | १००० | ७८५०२० | १,५३,०७८.९०।- (प्रति क्यू. फि. रु १९५) |
| | | लट नं. १ को जम्मा | | | ६५४ | ७८५.०२ | | ७८५०२० | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०३।०५ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३।०३।०६ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक, तुलसीपुर शाखा, दाङमा रहेको खाता नं. ४१६०१००२००२७८००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस झारगजेरी सामुदायिक वन उपभोक्ता समूहको बबई गाउँपालिका वडा नं. ७ चरकमटिया, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०३।०६ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री झारगजेरी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ६ र ७ चरकमटिया, दाङ

रुपा राणा
अध्यक्ष

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

# प्राविधिक शिक्षातर्फ विद्यार्थीको आकर्षण बढ्दो

**युगबोध समाचारदाता**



राँझा, १५ जेठ । पढ्दापढ्दै रोजगारीको अवसर मिल्ने भएपछि प्राविधिक शिक्षा अध्ययनमा विद्यार्थीको आकर्षण बढ्दै गएको छ ।

पढाइ सकिएपछि जागिर खोज्न भौंतारिनुपर्ने आम युवाको नियति बनिरहँदा प्राविधिक शिक्षा अध्ययन गरेका विद्यार्थीले पढ्दापढ्दै रोजगारी पाउने भएकाले अध्ययनमा आकर्षण बढ्दै गएको नेपालगन्जस्थित भेरी प्राविधिक शिक्षालयकी प्रिन्सिपल आशाकुमारी श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार, पश्चिम नेपालकै प्राविधिक शिक्षाको केन्द्र मानिने यस शिक्षालयमा बाँके र बर्दियामात्र नभई कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाका विद्यार्थीहरूको ठूलो आकर्षण छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)को मापदण्डअनुसार भर्ना र छात्रवृत्ति वितरण हुने यस शिक्षालयमा डिप्लोमा र प्रिडिप्लोमा तहमा विद्यार्थीको संख्या उत्साहजनक देखिन्छ ।

प्रिडिप्लोमा तहमा इलेक्ट्रिकल, मेकानिकल, सिभिल, इलेक्ट्रोनिक, अटोमोबाइल, रेफ एन्ड एसी र सेक्रेटियल र डिप्लोमा तहमा इलेक्ट्रिकल, मेकानिकल, सिभिल, फार्मेसी र रेडियोग्राफी कोर्षमा पढाइ हुने गरेको छ । 'भेरी प्राविधिक शिक्षालयको सबैभन्दा बलियो पक्ष भनेकै यसको रोजगारमुखी शिक्षा हो, यहाँबाट उत्पादित जनशक्ति बेरोजगार बस्नु पर्दैन'- प्रिन्सिपल श्रेष्ठले भन्नुभयो, 'बजारमा हाम्रा विद्यार्थीको माग निकै उच्च छ, उद्योगहरूले मागेजति जनशक्ति हामीले उपलब्ध गराउनै सकेका छैनौं ।'

विशेषगरी औद्योगिक करिडोरका रूपमा विकास भइरहेको यस क्षेत्रका उद्योगहरूका लागि भेरी प्राविधिक शिक्षालय जनशक्ति आपूर्ति गर्ने मुख्य स्रोत बनेकाले यहाँ अध्ययनरत विद्यार्थीले कोर्ष पूरा नहुँदै रोजगारीका अवसर पाउने गरेको शिक्षालयका प्रिन्सिपल श्रेष्ठको भनाइ छ ।

भेरी प्राविधिक शिक्षालयमा डिप्लोमा लेभल इलेक्ट्रिकल, मेकानिकल, सिभिल, फार्मेसी र रेडियोग्राफी कोर्षमा आर्थिक वर्ष २०७९/८० मा १३५ पुरुष र ५१ महिला गरी १८६, आव २०८०/८१ मा १३३ पुरुष र ५४ महिला गरी १८७, आव २०८१/८२ मा ११७ पुरुष र ५७ महिला गरी १७४ र आव २०८२/८३ मा ११६ पुरुष र ६५ महिला गरी १८१ विद्यार्थीले अध्ययन गरेका छन् । प्रि-डिप्लोमा तर्फका इलेक्ट्रिकल, मेकानिकल, सिभिल, इलेक्ट्रोनिक, अटोमोबाइल, रेफ एन्ड एसी र सेक्रेटियल कोर्षमा आव २०७९/८० मा १७५ पुरुष र ५२ महिला गरी २२७, आव २०८०/८१ मा १५७ पुरुष र २६ महिला गरी १८३, आव २०८१/८२ मा ११७ पुरुष र ५७ महिला गरी १७४ र आव २०८२/८३ मा १३१ पुरुष र २१ महिला गरी १५२ विद्यार्थी अध्ययन गरेका छन् ।

बजारको मागअनुसार शिक्षालयले नयाँ-नयाँ कार्यक्रम र कोर्षहरू थप्दै लगे पनि ती कार्यक्रमलाई धान्ने भौतिक पूर्वाधार र स्रोतसाधन भने वर्षौंदेखि थपिएका छैनन् । पुराना कक्षाकोठा, सीमित प्रयोगात्मक प्रयोगशाला र आवश्यक प्राविधिक सामग्रीको अभावका बीच पनि शिक्षालयले गुणस्तर कायम राख्न संघर्ष गरिरहनुपरेको प्रिन्सिपल श्रेष्ठले बताउनुभयो ।

# नेपाल निवृत्त शिक्षक समाज बबईको चौथो परिषद्

शान्तिनगर, १५ जेठ (युस) नेपाल निवृत्त शिक्षक समाज बबईको चौथो परिषद् हापुरेमा बिहीबार सम्पन्न भएको छ ।

नेपाल निवृत्त शिक्षक समाज बबईका अध्यक्ष गोपालप्रसाद शर्माको अध्यक्षता एवं जिल्ला अध्यक्ष गोविन्द पौडेलको प्रमुख आतिथ्यता एवं जिल्ला उपाध्यक्ष पद्मप्रसाद शर्माको विशिष्ट आतिथ्यतामा सञ्चालित चौथो परिषद्मा सचिव प्रेमबहादुर ओलीले सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष पिमलाल केसीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । दुबै प्रतिवेदनमा छलफल गरी केही बुँदा थप गरेर पारित गरिएको थियो ।

चौथो परिषद्मा बोल्ने वक्ताहरुले स्थानीय सरकारबाट अन्य क्षेत्रलाई साथ सहयोग मिले जस्तै निवृत्त शिक्षक समाजलाई पनि सहयोग गर्नुपर्ने, निवृत्त शिक्षकहरुले पनि स्थानीय सरकारसमक्ष आफ्ना समस्याहरु राख्नुपर्ने कुरामा जोड दिनुभएको थियो । कार्यक्रममा परिषद्का जिल्ला सदस्य चन्द्रबहादुर ओली, घोराही नगर कमिटीका सचिव ज्ञानेन्द्र गौतम, घोराहीका आजीवन सदस्य सीताराम चौधरी, पूर्व अध्यक्ष हरिबहादुर भण्डारी लगायतले शुभकामना व्यक्त गर्नुभएको थियो । सोही अवसरमा बबईका तीनजनालाई आजीवन सदस्यताको प्रमाणपत्र सहित समाजको 'हाम्रो चिनारी' नामक स्मारिका रजत विशेषाङ्क ४ र समाजको लोगो अंकित व्याच वितरण गरिएको थियो । बबई गाउँपालिका समितिका उपाध्यक्ष नन्दलाल ओलीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सहजीकरण सचिव प्रेमबहादुर ओलीले गर्नुभएको थियो ।

# संस्थागत सुदृढीकरणबाटै समृद्धि : दलहरु

**युगबोध समाचारदाता**

काठमाडौं, १५ जेठ । नेपाली कांग्रेसका सभापति गगन थापाले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संस्थागत सुदृढीकरणबाट नै मुलुकलाई समावेशी, समुन्नत, सुखी र समृद्ध राष्ट्रका रूपमा रूपान्तरण गर्न सकिने बताउनुभएको छ ।

गणतन्त्र दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै उहाँले लोकतान्त्रिक मूल्य, मान्यता, संस्कार र संस्कृतिमा आधारित न्यायपूर्ण तथा समतामूलक समाज निर्माण गर्ने साझा यात्रामा यो दिवसले सम्पूर्ण नेपालीमा नयाँ उत्साह र प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको हो । नेपाली जनताको त्याग, संघर्ष र बलिदानको परिणामस्वरूप २०६२/६३ को जनआन्दोलनपछि संविधानसभाको निर्वाचन सम्पन्न भई २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरिएको इतिहास उहाँले स्मरण गर्नुभएको छ ।

**उपलब्धिको संस्थागत संरक्षणमा जोड**

यसैगरी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले गणतन्त्रका उपलब्धिको संस्थागत संरक्षणमा जोड दिनुभएको छ । गणतन्त्र दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै उहाँले व्यक्तिको इच्छाबाट चल्ने शासनको सट्टा लोकतान्त्रिक अंग र संरचनामार्फत राज्य सञ्चालन हुने व्यवस्था शुरु हुनु गणतन्त्रको महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो । सन्देशमा अध्यक्ष ओलीले गाउँ-गाउँमा स्थानीय सरकारको उपस्थिति, राज्यका साधनस्रोतमा नागरिक पहुँच विस्तार, महिला, दलित, जनजाति, मधेशी तथा पिछडिएका समुदायको प्रतिनिधित्व बृद्धि, नागरिक स्वतन्त्रता, खुला अभिव्यक्ति, सेवामा डिजिटल पहुँच तथा सडक-सञ्चाल विस्तारलाई गणतन्त्रका उपलब्धिका रूपमा चित्रण गर्नुभएको छ । जनताले आफ्ना लागि आफैंले शासनप्रणाली निर्धारण गर्ने गणतान्त्रिक अधिकार प्राप्त गर्न सात दशकभन्दा लामो संघर्ष गर्नुपरेको उल्लेख गरिएको छ ।

**राष्ट्रिय सहकार्यमा जोड**

यसैबीच नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले राजनीतिक मतभेदभन्दा माथि उठेर राष्ट्रिय सहकार्य आवश्यक भएको बताउनुभएको छ । गणतन्त्र दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै उहाँले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा नेपालीको पहिलो जिम्मेवारी भएको बताउनुभएको हो । सन्देशमा उहाँले जनताको संघर्षबाट प्राप्त उपलब्धिको संरक्षण गर्दै समृद्ध, न्यायपूर्ण र आत्मनिर्भर नेपाल निर्माणमा सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो । देशलाई राजनीतिक स्थायित्व, सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धितर्फ अघि बढाउन सबै राजनीतिक शक्ति र नागरिकबीच एकता अपरिहार्य रहेको नेता दाहालको सन्देशमा उल्लेख छ ।

# महिला गोष्ठी शुभारम्भ



**❑ गोविन्द खड्का**

घोराही, १५ जेठ । श्री सत्य साई प्रदेश समिति ५ को आयोजना र श्री सत्य साई केन्द्र घोराही दाङको आतिथ्यतामा शुक्रबार घोराहीमा महिला गोष्ठी शुरु भएको छ । सन्देश प्रवाह समन्वय समिति लुम्बिनी प्रदेश समितिका अध्यक्ष सरस्वती रजौरेको अध्यक्षतामा गोष्ठी शुभारम्भ भएको हो ।

सो अवसरमा प्रशिक्षकहरुले देखाउनका लागि सेवा गर्ने होइन भनेर प्रशिक्षण दिदै आनन्द भएर, सन्तोष भएर सेवा गर्न आग्रह गर्नुभयो । उनीहरुका अनुसार सबै परिवार खुशी भएर मात्रै बाहिर सेवा गर्न सकिन्छ । महिला पुरुष, युवा युवती सबै मिलेर काँधमा काँध हातमा हात मिलाएर अघि बढ्न सजिलो हुन्छ । सबै मिलेर अगाडि बढे घर, समाज, देश अघि बढाउन सक्छौं भन्दै जुट्न आग्रह गरिएको थियो ।

सो अवसरमा सत्यसाई महिला सीप प्रदर्शनी कार्यक्रम पनि गरिएको थियो । महिलाहरुले आफै बनाएर ल्याएको बताएका थिए । आफूले जानेको विभिन्न वस्तुहरु घरमै बनाएर ल्याएको बताउँदै स्टलमा राखिएका हरेक सामग्रीको बारेमा जानकारी दिएका थिए । बिक्री पनि गरिरहेका थिए ।

प्रदर्शनीमा बुनेका झोला, फूलबत्ती, बाटेको धुप, अचार, यसैगरी धागोले बुनेर तयार पारिएका सनफ्लावर, लालीगुराँस लगायतका फूल तथा गमलाहरु थिए । यसैगरी कुसन, ढाकाको झोला, बच्चाका कपडा पनि थिए । खानेकुराहरुमा ढिक्री, सेल, अनरसा, आलु चिप्स, केरा चिप्स, अचार पनि राखिएको थियो । पूजाको थाली हातले बुनेको, यसैगरी मोती माला, धागोबाट बनाएका फूलहरु, टिमुर, भाँगोका छोप, विभिन्न थरी पुस्तकहरु राखिएका थिए । साई बाबा सम्बन्धित ब्रोसर तथा पुस्तकहरु थिए ।

सो अवसरमा सत्य साई राष्ट्रिय परिषद् नेपालका आध्यामिक संयोजक प्रकाश भट्टराई, लुम्बिनी प्रदेश अध्यक्ष कृष्णकुमार श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । गोष्ठीमा सत्य साई केन्द्र घोराहीका अध्यक्ष शान्ता थापा केसी (सिम्रन) ले सहजीकरण गर्नुभएको थियो । गोष्ठीमा दुई सय बढीको सहभागिता हुने आयोजकले जनाएको छ ।

# बढ्दो तनावबीच शान्ति स्थापनामा संयुक्त राष्ट्रसंघको जोड

**युगबोध समाचारदाता**

काठमाडौं, १५ जेठ । संयुक्त राष्ट्रसंघले विश्वभर बढ्दो द्वन्द्व, राजनीतिक अस्थिरता तथा सुरक्षा चुनौतीका बीच शान्ति स्थापनाको आवश्यकता झन् बढ्दै गएको बताएको छ ।

विगत ७८ वर्षदेखि यो विश्व संस्थाले द्वन्द्वप्रभावित क्षेत्रमा शान्ति सैनिकको उपस्थितिले हिंसा न्यूनीकरण, नागरिक सुरक्षा तथा दिगो शान्ति प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको जनाएको छ । महासचिव एन्टोनियो गुटेरेसले पनि वर्तमान समयमा शान्ति स्थापना स्थायित्व, सुरक्षा र आशा पुनःस्थापित गर्ने प्रभावकारी तथा कम खर्चिलो माध्यम भएको बताउनुभएको छ । राष्ट्रसंघीय शान्ति सैनिक दिवसका अवसरमा सन्देश दिदै उहाँले शान्ति 'मिसन'लाई प्रभावकारी बनाउन सदस्य राष्ट्रहरूको निरन्तर राजनीतिक समर्थन र भरपर्दो आर्थिक सहयोग अपरिहार्य भएको बताउनुभएको हो ।

राष्ट्रसंघका अनुसार 'शान्तिमा लगानी गरौं'- नाराका साथ यो दिवस शुक्रबार विश्वका विभिन्न देशमा विविध कार्यक्रमका साथ मनाइएको छ । हाल विश्वका ११ वटा शान्ति मिसनमा ५१ हजारभन्दा बढी सैनिक, प्रहरी तथा नागरिक कर्मचारी कार्यरत छन् । बदलिदो भू-राजनीतिक परिस्थितिबीच उत्पन्न जटिल चुनौतीको सामना गर्दै उनीहरूले द्वन्द्वग्रस्त समुदायमा शान्ति, सुरक्षा र आशाको सन्देश प्रवाह गरिरहेका छन् । सन् १९४८ यता शान्ति स्थापनाका क्रममा हिंसा, दुर्घटना तथा रोगका कारण चार हजार पाँच सयभन्दा बढी शान्ति सैनिक, प्रहरी तथा नागरिक कर्मचारीले ज्यान गुमाइसकेका छन् । सन् २०२५ मा मात्रै ५९ जना शान्ति सैनिकले ज्यान गुमाएका थिए ।

राष्ट्रसंघले लाइबेरिया, नामिबिया, कम्बोडिया, सियरा लियोन र टिमोर-लेस्टेलगायत द्वन्द्वप्रभावित मुलुकमा शान्ति सैनिकको उपस्थितिले दीर्घकालीन शान्ति स्थापना तथा सामाजिक पुनर्निर्माणमा महत्वपूर्ण योगदान पुगेको जनाएको छ ।

# विश्व.......

आत्महत्याजस्ता समस्या अत्यन्त धेरै भएको भन्दै यस्ता संस्थाहरुको सक्रियताले समस्या न्यूनीकरणमा टेवा पुग्ने वक्ताहरुले विश्वास व्यक्त गर्नुभएको थियो ।

देवराज पाण्डे र उहाँको परिवारले दान दिएको घोराहीको विपीचोकदेखि उत्तरतर्फको साढे सात कठ्ठा जमिनमा मधुवन आध्यात्मिक जागरण केन्द्रमा निर्मित भव्य शिवशक्ति भवनको उद्घाटन गरिएको हो । सो अवसरमा ब्रम्हाकुमारी ईश्वरीय विश्वविद्यालयको केन्द्रीय साधारणसभा तथा विश्व नव निर्माणका लागि आध्यात्मिक जागरण राष्ट्रिय अभियानको समेत शुभारम्भ गरिएको थियो । सरकारी तथा निजी क्षेत्रको सहयोगमा करिब नौ करोड पाँच लाख ३६ हजार ५ सय ११ रुपैयाँको लागतमा भवन निर्माण भएको कार्यक्रममा जानकारी गराइएको थियो ।

# राजनीतिक परिवर्तनले मात्र युगका अपेक्षा पूरा हुँदैनन् : राष्ट्रपति

**युगबोध समाचारदाता**

काठमाडौं, १५ जेठ । राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिक व्यवस्था र शासकीय संरचनामा हुने परिवर्तनबाट मात्र युगका अपेक्षा पूरा नहुने बताउनुभएको छ ।

गणतन्त्र दिवसका अवसरमा सैनिक मञ्चमा शुक्रबार आयोजित विशेष समारोहमा उहाँले त्यसका लागि राज्यसत्ताको चरित्र, आचरण, राजनीतिक निष्ठा र मूल्यमान्यतामा पनि परिवर्तन ल्याउन आवश्यक भएको बताउनुभयो । 'अन्यथा, व्यवहारले राजनीतिक परिवर्तनलाई पुष्टि गर्दैन'- राष्ट्रपति पौडेलले भन्नुभयो । गणतन्त्रको मर्यादालाई बचाउन र यसलाई अझ समृद्ध बनाउन राजनीतिक निष्ठा, मूल्यमान्यता एवं आचरणमा परिवर्तनसहित एकताबद्ध भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । 'यसका आफ्नै मूल्यमान्यता र नैतिक दायराहरू हुन्छन्, त्यसलाई बिर्सिएर हामीले इतिहासको अभिभारा पूरा गर्न सक्दैनौं'- राष्ट्रपतिले भन्नुभयो ।

सामाजिक न्याय, विकास र समृद्धि संघीय लोकतान्त्रिक गणतन्त्रको उच्चतम र सार्थक अभ्यासमा अगाडि बढ्न तथा राजनीति, राज्य र राजकाजलाई नैतिकता, निष्ठा र मूल्यमान्यताको सीमाभित्र आबद्ध गर्न आजका दिनले प्रेरणा दिने उहाँले विश्वास व्यक्त गर्नुभयो । मुलुकमा उत्पन्न विषम परिस्थितिपछि प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएर बलियो जनादेशसहितको सरकार बनेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले जनचाहनाअनुसार समृद्धिका लागि सुशासन, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र सामाजिक उन्नतिलाई आफ्नो आधारभूत मार्गदर्शनका रुपमा अगाडि बढाउने निर्णय गरेको बताउनुभयो । उहाँले शासकीय सुधारका एक सय कार्यसूचीलाई पूर्ण कार्यान्वयन गर्दै सीमारहित अर्थतन्त्र, तौलरहित व्यापारको निमित्त संरचनागत र कानूनी सुधार गर्ने सरकारको निर्णय कार्यान्वयन भई जनतामा आशा जागृत हुने विश्वास व्यक्त गर्नुभयो ।

ढिलासुस्ती, अनियमितता र बेथिति प्रमुख शत्रु भएको जनाउँदै राष्ट्रपतिले लोकतान्त्रिक गणतन्त्रको सुन्दर सपना बोकेका नागरिकलाई यिनै बेथितिले निराश नबनाउन् भन्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो । 'जबसम्म प्रत्येक नागरिकका जीवनमा आशाको दियो बल्नेछैन, त्यो बेलासम्म हामीले रगत र पसिनासँग साटेको संघीय लोकतान्त्रिक गणतन्त्रको लक्ष्य पूरा हुँदैन'- राष्ट्रपतिले भन्नुभयो । नागरिकले सुशासनसहितको समृद्धि खोजिरहेको भन्दै उहाँले यसका लागि हाम्रा स्रोतको उच्चतम् प्रयोग गर्न आवश्यक भएको बताउनुभयो । 'आर्थिक विकास र समृद्धिबाट शासन व्यवस्थालाई नागरिकको जीवनसँग जोड्न सक्छौं, यो नै आजका लागि हाम्रो ऐतिहासिक अभिभारा हो'- उहाँले भन्नुभयो । परिवर्तनलाई नागरिकको जीवनसँग जोड्न राजनीतिक उपलब्धि मात्रै पर्याप्त नहुने भन्दै राष्ट्रपतिले शासकीय चरित्रसँगै राजनीति, पार्टी र नेताको चरित्रलाई पनि बदल्नुपर्ने धारणा व्यक्त गर्नुभयो । 'गणतन्त्रको उत्कृष्टताको सार्थकता प्राप्त गर्न हाम्रो राजनीति, हाम्रो शासकीय शैली, राजनीतिक दल र जनप्रतिनिधिमूलक संस्थाहरूलाई पूर्ण लोकतान्त्रिक, निष्पक्ष, प्रतिस्पर्धात्मक, न्यायपूर्ण र प्रभावकारी बनाउन ढिलो गर्न हुन्न भन्ने म ठान्दछु'- उहाँले भन्नुभयो ।


## श्री वाराहक्षेत्र माध्यमिक विद्यालय

घोराही-१३ सेवार वनगाउँ, दाङ

**कोटेशन आह्वान सम्बन्धी सूचना !**

तेस्रो पटक सूचना प्रकाशित मिति : २०८३।०२।१६ गते

यस विद्यालय र घोराही उपमहानगरपालिकाबीच मितिः २०८२/११/१४ गते भएको दुई पक्षीय सम्झौता बमोजिम विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित अनुदान रकमबाट विद्यालयमा इलर्निङ तथा भर्चुअल शिक्षण सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालनका लागि विनियोजित कुल रकममध्ये रु ९,०३,०००।- अक्षेरेपी नौ लाख तीन हजार मूल्य बराबरको सामान कोटेशन मार्फत खरिद गर्न यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा निम्न कागजातसहित गोप्य शिलबन्दी कोटेशन यस विद्यालय प्रशासनमा दर्ता गराउन इच्छुक सप्लायर्स कम्पनीहरु सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । खरिद गर्नुपर्ने सामानहरुको विवरण र स्पेसिफिकेशनको बारेमा थप जानकारीका लागि तपसिल बमोजिमको विवरणमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क**: श्री मोहन बुढाथोकी- ९८६६५२९४०४, पूर्णबहादुर बि.क.- ९८४७८८२५९१

**कोटेशन पेश गर्ने अन्तिम मिति**: २०८३।०२।२२ गतेसम्म

**कोटेशन पेश गर्ने ठेगाना**: श्री वाराहक्षेत्र माध्यमिक विद्यालय घोराही-१३ सेवार वनगाउँ, दाङ

**कोटेशन शुल्क** : रु १५००।- मात्र ।

❖ प्राप्त कोटेशनहरुमध्येबाट सबैभन्दा कम दररेट पेश गर्ने सप्लायर्स कम्पनीलाई छनौट गरी सामान खरिद गरिनेछ ।
❖ कोटेशन पत्र स्वीकृत तथा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार खरिद समितिमा निर्भर रहनेछ ।
❖ खरिद गरिएका सामग्रीहरु स्पेसिफिकेशनमा तोकिए बमोजिम नभएमा स्वीकृत गर्न खरिद समिति बाध्य हुने छैन ।

**आवश्यक कागजात** : ❖ फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ❖ दर्ता प्रमाणपत्रको प्रतिलिपि ❖ करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ❖ प्रचलित दररेट अनुसारको सक्कल शिलबन्दी कोटेशन ।

**प्रधानाध्यापक**



## शिवम आरोग्य केन्द्र

**खुशीको खवर ! खुशीको खवर !! खुशीको खवर !!!**

विगत २० सालदेखि सेवामा सञ्चालित यस शिवम आरोग्य केन्द्रमा अत्याधुनिक सेवा सुविधाका साथ प्रत्येक दिन डा. पि.एन. झाद्वारा बिरामी चेकजाँच भइरहेको सहर्ष जानकारी गराउँदछौं ।

**डा. पि.एन. झाद्वारा चेकजाँच हुने रोगहरू :**

❖ पुरुष र महिलामा हुने निसन्तानपन (बाँझोपन) को सफल उपचार र उचित परामर्श सेवा ।
❖ महिला पुरुषमा हुने विभिन्न प्रकारका यौन रोगहरु जस्तै सिफलिस, गनोरिया, हेपेटाईटिस, धातुरोग इत्यादिको सफल उपचार ।

**पुरुषः** यौन इच्छामा कमी, कडापनमा कमी, शीघ्र स्खलनको समस्या, स्वप्न दोष, उमेर अनुसार यौनाङ्गको विकास नहुनु तथा यौनाङ्गबाट पिप बग्नु आदि रोगको सफल उपचार ।

**महिलाः** महिनावारीमा गड्वडी, तल्लो पेट दुख्ने, सेतोपानी बग्ने, चिलाउने, विबिरा र घाउखटिरा आउने, यौन इच्छामा कमी, उमेर अनुसार यौनाङ्गको बृद्धि विकास नहुनु आदिको सफल उपचार ।

**छालाजन्य रोगहरूः** अनुहारको चायाँपोतो, डन्डिफोर, सेतोदुवी, एलर्जी, सिरोसिस, छालाको घाउखटिरा आदिको सफल उपचार ।

**अन्य रोगहरूः** जन्डिस, पत्थरी, पिसाब पोल्ने, ग्याँस्ट्रिक, गानोगोला, अल्सर, वाथरोग, नसा सम्बन्धी रोग, हातखुट्टा झमझमाउने, स्मरण शक्तिमा कमजोरी, निद्रा नलाग्ने, दिमागको बोदोपन, डर, भय, त्रास आदि रोगको सफल उपचार ।

❖ पाईल्स, फिसर, फिस्टुलाको मात्र औषधिबाट सफल उपचार ।

**अन्य सेवाहरूः** फार्मेसी सेवा, प्याथोलोजी (विर्य, रगत, दिसा, पिसाब, छाला चेकजाँच) सेवा

**बिरामी जाँच्ने समय** : बिहान ९ देखि साँझ ६ बजेसम्म

**स्थान** : घोराही तुलसीपुरचोक महरा पेट्रोल पम्पदेखि पश्चिमतिर, अप्सरा होटल जाने गल्लीमा

**सम्पर्क नं. ९८४४११८०१९, ९८०६२५१७९०**








## श्री झारगजेरी सामुदायिक वन उपभोक्ता समूह

बबई गा.पा. ६ र ७, दाङ

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !**

दोस्रो पटक सूचना प्रकाशन मिति : २०८३।०२।१६

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८२/०८३ मा समूहको स्वीकृत वन कार्ययोजनाअनुसार कटान मुछान गरी उत्पादन भएका सामुदायिक वनको बबई गा.पा. ७ चरकमटियामा घाटगद्दी गरी राखेको खयर जातको गोलिया थान ६५४ को ७८५.०२ क्यु.फिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी बाह्य लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गरी सञ्चालनमा रहेका उद्यमी/काठको कारोवार गर्ने सूचीकृत फर्महरुले यो सूचना मिति २०८३।०२।१६ गते नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापकः ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालयः घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com